जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !!-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १९० • २०८३ बैशाख १८ गते शुक्रवार • 1 May. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

**मो. इर्शाद**
**महोत्तरी, १७ बैशाख**



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नं. १० स्थित सारीमा समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । जलेश्वर नगरपालिका अन्तर्गतको आधारभूत स्वास्थ्य सेवा केन्द्र, सारीको आयोजनामा सो कार्यक्रम सञ्चालन गरिएको हो ।

समुदायस्तरमा देखापर्ने विभिन्न रोगहरू र असामान्य स्वास्थ्य घटनाहरूलाई छिटो पहिचान गरी महामारी फैलिन नदिन र जनस्वास्थ्यको सुरक्षा गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा समुदायबाट रोगको जानकारी संकलन, सत्यतथ्य जाँच, र प्राप्त तथ्याङ्कको अभिलेख राखी तत्काल प्रतिक्रिया दिने विधिबारे सहभागीहरूलाई प्रशिक्षण दिइएको थियो। कार्यक्रमका प्रशिक्षक रोशन प्रसाद चौधरीले समुदायमा कुनै पनि नयाँ वा शंकास्पद रोग देखा परेमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई खबर गर्न आग्रह गर्नुभयो । साथै, सरकारले सञ्चालन गरेको 'हेल्लो स्वास्थ्य' (१११५) मा फोन गरेर पनि जानकारी दिन सकिने बताइएको छ ।

कार्यक्रम अधिकृत लेखनाथ यादवले समुदायका सबै वर्ग मिलेर काम गरे मात्र रोगको प्रभावकारी निगरानी सम्भव हुने बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो मुख्य लक्ष्य भनेको रोग फैलिएपछि उपचार गर्नुभन्दा रोगलाई सुरुवाती अवस्थामै चिन्नु र सूचना प्रवाह गर्नु हो ।

युनिसेफ (UNICEF) को प्राविधिक तथा वित्तीय सहयोग एवं PHRD Nepal को साझेदारीमा संचालित यस कार्यक्रममा वडा अध्यक्ष, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, शिक्षक, सामाजिक अगुवा, पत्रकार, आमा समूह, धार्मिक अगुवा तथा युवा क्लबका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

सहभागीहरूलाई आफ्नो क्षेत्रमा हुने असामान्य स्वास्थ्य गतिविधिबारे शीघ्र सूचना सम्बन्धित निकायमा पुर्‍याउने जिम्मेवारीका बारेमा समेत प्रशिक्षित गरिएको थियो । यस अभियानले जलेश्वर नगरपालिका क्षेत्रको जनस्वास्थ्य अवस्थालाई थप सुदृढ बनाउने विश्वास लिइएको छ ।

## प्रशिक्षक क्षमता अभिवृद्धिमा मधेस खेलकुद परिषद्को विशेष पहल,११० जनालाई प्रमाणपत्र



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १७ बैशाख**

मधेस खेलकुद परिषद् द्वारा आयोजित "स्वयमसेवक प्रशिक्षकहरूको प्रशिक्षण क्षमता अभिवृद्धि कार्यक्रम" सफलतापूर्वक सम्पन्न भएको छ। प्रदेश खेलकुद नियमावली पारित भएपछि परिषद्द्वारा सञ्चालन गरिएको यो पहिलो औपचारिक कार्यक्रम हो, जसलाई मधेस प्रदेशको खेलकुद विकासतर्फ महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

वैशाख १० गतेदेखि वैशाख १६ गतेसम्म सञ्चालन भएको उक्त कार्यक्रममा मधेस प्रदेशका हरेक जिल्लाबाट प्रत्येक खेलका लागि दुई/दुई जना प्रशिक्षक सहभागी भएका थिए । एक जिल्लाबाट कुल १२ जना प्रशिक्षक सहभागी गराइएको र हरेक खेलको लागि कुल १६ जना सहभागी रहेको थियो । कार्यक्रममा प्रदेशभरबाट उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानु रहेका थिए । त्यसैगरी विशिष्ट अतिथिका रूपमा बोर्ड सदस्य दिपेन्द्र कुमार गोइत तथा प्रशासनिक प्रमुख मोहम्मद ज्याउल इस्लाम को उपस्थिति रहेको थियो । कार्यक्रम संयोजक अजित मिश्रा थियो भने तालिम तथा प्रशिक्षक विभागका प्रमुख भरत यादव ले कार्यक्रम

बांकी पृष्ठ २ मा ।




## सरकारी तथा सार्वजनिक जग्गामा प्रशासनद्वारा कडाइ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ बैशाख**



महोत्तरी जिल्लामा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि प्रशासनले कडाइ गर्ने भएको छ । जिल्ला प्रशासन कार्यालय महोत्तरीले बिहीबार सार्वजनिक सूचना जारी गर्दै अवैध कब्जा हटाउन विशेष अभियान सञ्चालन गरिने जनाएको हो । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको निर्देशनअनुसार जिल्लाभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, सडक क्षेत्र, इनार तथा विभिन्न संस्थानका जग्गाहरूको संरक्षणमा ध्यान केन्द्रित गरिएको प्रशासनले जनाएको छ ।

सूचना अनुसार सम्बन्धित कार्यालयहरूलाई अतिक्रमण हटाउन योजना बनाएर कार्यान्वयन गर्न निर्देशन दिइएको छ भने नयाँ अतिक्रमण हुन नदिन कडा निगरानी गरिनेछ। प्रशासनले आवश्यक परे सुरक्षा व्यवस्था र समन्वयमा सहजीकरण गर्ने जनाएको छ। साथै, सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी निगरानी प्रणालीलाई थप प्रभावकारी बनाइने उल्लेख गरिएको छ । सूचनामा संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गरी संरक्षण अभियान अघि बढाइने बताइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था रहेको र स्थानीय प्रशासन ऐन, २०२८ अनुसार सार्वजनिक जग्गामा अवैध निर्माण रोक्न प्रशासनलाई अधिकार रहेको जनाइएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




## सम्पादकीय...................

# बुद्ध जयन्ती र विश्व मजदुर दिवस

आज मई १ तारिख अर्थात बुद्ध जयन्ती र विश्व मजदुर दिवस विश्वभरी यी पर्वहरु वडा हर्षोल्लासका मनाइदै छन्। बुद्ध जयन्तीले सिद्धार्थ गौतम बुद्धको जन्म दिनलाई स्मरण गराउदछ भने विश्व मजदुर दिवसले नेपाल लगायत विश्वमा विभिन्न पेशामा आबद्ध भई काम गर्ने सम्पूर्ण शिक्षित तथा अशिक्षित कामदारहरुलाई स्मरण गराउँदछन् ।

यस वर्ष बुद्ध जयन्ती र विश्व मजदुर दिवस एकै दिन परेको साइत एकदमै यादगार रहने तथा नेपालको परिवेशमा समेत यो राम्रो संयोग रहेको बुझिएको छ । भगवान गौतम बुद्धले दिएका दिव्य उपदेशहरु तथा शान्तिका पथहरु अनुकरणीय छन् । वहाँले बताएका मान्छेका दु:खका कारणहरु तथा त्यसबाट बच्ने उपायहरु समेत मानव जातिका लागि सुखकर देखिन्छन्। भगवान गौतम बुद्धले मेरो प्रतिमा नबनाउनु भने पनि आज विश्व भरीमा सबैभन्दा ठूला तथा धेरै बनाईएका प्रतिमा सिद्धार्थ गौतम बुद्धकै छन् । अर्थात यसबाट के बुझिन्छ भने वहाँका अनुवायीहरुले वहाँप्रति आस्था राख्नुका साथै अन्य धर्माबलम्बीहरुले समेत वहाँको पथ तथा उपदेशलाई आफ्ना जिवनमा अनुकरण गरी राम्रो भएका छन् ।

आज विश्व मजदुर दिवस मनाउदै गर्दा नेपालमा बालेन सरकारको सबै भन्दा बढी बहुमतको सरकारले वितेको १ सय दिनमा धेरै नै जनता तथा मजदुरका हकमा निर्णय गरे पनि यो सरकारले के बुझ्न जरुरी छ भने परिवर्तनको लागि जनमत पाइयो तर जनताले यो परिवर्तनको सुख तथा अनुभुति अहिलेसम्म पाएका छैनन् । त्यसकारण विश्व मजदुर दिवसका दिन जनता अर्थात मजदुरले खोई सुशासन,शान्ति, सुरक्षा,रोजगारी,विधिको शासनको प्रत्याभूति तथा भूमिहिनलाई न्याय । हामीले विभिन्न कालखण्डका सरकारलाई सहयोग गर्‍यौ तर हाम्रो आवाज कोई बनेन् ,कीन ? मजदुरले प्रश्न गरेको छ,यो दुई तिहाईको सरकारलाई ।

# जनकपुरधाममा दैनिक हजारौं स्वदेशी तथा विदेशी पर्यटक भित्रिने गरे पनि उनीहरूको बसाइ छोटिँदै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ बैशाख**

मिथिला संस्कृतिको केन्द्र तथा धार्मिक आस्थाको धरोहर जनकपुरधाममा दैनिक हजारौं स्वदेशी तथा विदेशी पर्यटक भित्रिने गरे पनि उनीहरूको बसाइ छोटिँदै गएको पाइएको छ। मुख्यत: जानकी मन्दिर र रामजानकीसँग जोडिएका धार्मिक स्थल दर्शनमै सीमित रहने प्रवृत्तिका कारण यहाँको पर्यटन क्षेत्रले अपेक्षित आर्थिक लाभ लिन सकेको छैन ।

जनकपुरधाम आउने अधिकांश पर्यटक बिहानदेखि दिउँसोभित्रै मन्दिर दर्शन गरी साँझ नपर्दै फर्किने गरेका छन्। साँझपख आइपुगेका पर्यटकबाहेक प्राय: सबैको बसाइ छोटो हुने गरेको स्थानीय व्यवसायी बताउँछन्। यसले होटल, यातायात, हस्तकला तथा अन्य पर्यटन व्यवसायमा प्रत्यक्ष असर परेको छ । धार्मिक ग्रन्थहरूमा



जनकपुरधाममा '५२ कुटी र ७२ कुण्ड' रहेको उल्लेख पाइन्छ। तर, ती ऐतिहासिक सम्पदाको अवस्था भने दयनीय छ । धेरै कुण्ड हराइसकेका छन् भने बाँकी रहेका कुण्डहरू संरक्षण अभावमा अस्तव्यस्त छन्। गंगा सागर, धनुष सागर, दुधमती नदी, अग्निकुण्ड, बिहार कुण्ड र दशरथ सागर जस्ता धार्मिक स्थलमा दैनिक श्रद्धालु पुग्ने गरे पनि पानीको फोहर अवस्था, दुर्गन्ध र सरसफाइ अभावका कारण स्नान गर्न सक्ने अवस्था छैन । भारतको महाराष्ट्रबाट आएका एक श्रद्धालुले पहिलोपटक जनकपुरधाम आउँदा ठूलो अपेक्षा राखेको बताए। 'जानकी माताको जन्मस्थल हेर्न उत्साहित भएर आएका थियौं। तर, यहाँको फोहर र अव्यवस्था देख्दा निराश भयौं,' उनले भने, 'बस्न मन हुँदाहुँदै पनि वातावरणले साथ दिएन।' जानकी मन्दिर परिसरमै खानेपानी, सार्वजनिक शौचालय र जुत्ता-चप्पल व्यवस्थापन जस्ता आधारभूत सुविधा अपर्याप्त छन् । मन्दिर वरपर फोहरको थुप्रो देखिनु, अव्यवस्थित पसल र भीड व्यवस्थापन कमजोर हुनुजस्ता समस्याले श्रद्धालु असहज महसुस गर्छन् ।

# बालेन शाह नेतृत्वको सरकारविरुद्ध सडक प्रदर्शन




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ बैशाख**

जनकपुरधाममा गुठी जग्गा सम्बन्धी विवाद उत्कर्षमा पुगेको छ । गुठीको जग्गामा घर बनाएर बसोबास गर्दै आएका स्थानीयवासीले बालेन शाह नेतृत्वको सरकारविरुद्ध सडक प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरूले सरकारले 'डोजर आतंक' मचाउन खोजेको आरोप लगाउँदै तत्काल यस्तो कदम रोक्न र प्रभावितलाई वैकल्पिक व्यवस्था गर्न माग गरेका छन् ।

उनीहरूले आफूहरू बसोबास गरिरहेको जग्गाको स्वामित्व प्रमाणपत्र (लालपुर्जा) उपलब्ध गराउनुपर्ने प्रमुख माग अघि सारेका छन् । जनकपुरधामका विभिन्न स्थानमा प्रदर्शन गरेका स्थानीयहरूले 'गुठी-कुटी भूमिहीन घरजग्गा व्यवस्थापन संघर्ष समिति' को ब्यानरमा संगठित भएर विरोध जनाएका हुन् ।

गुठी जग्गामा निर्माण गरिएका घरटहरा भत्काइने हल्ला फैलिएपछि उनीहरू आन्दोलित बनेका हुन्। यसअघि २०६२ सालमा भोजराज घिमिरे नेतृत्वमा गठित कार्यदलले जनकपुरधामको करिब १० बिघा गुठी जग्गा अतिक्रमणमा परेको तथ्य औंल्याएको थियो ।

सो प्रतिवेदनपछि समय समयमा गुठी जग्गा व्यवस्थापनको विषय उठ्दै आए पनि दीर्घकालीन समाधान हुन सकेको छैन ।

# सुकुम्वासीहरूद्वारा मधेश प्रदेश सरकार विरुद्ध प्रदर्शन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १७ बैशाख**

उचित बासस्थानको व्यवस्था नगरी घर भत्काइएको आरोप लगाउँदै गरेका छन् । आक्रोशित समूहले प्रदेश सरकारको मुख्य गेटमै धर्ना दिँदै विरोध जनाएको हो । प्रदर्शनकारीहरूले मुख्यमन्त्री तथा मन्त्रीहरूको निवास रहेको परिसरलाई घेराउ गर्दै 'पहिले पुनर्वास, त्यसपछि मात्र हटाउने' भन्ने मुख्य माग अघि सारेका छन् ।

उनीहरूले पुनर्वासको सुनिश्चितता बिना आफूहरूलाई विस्थापित गरिएको आरोप लगाएका छन् । धनुषामा 'गुठी कुटी भूमिहीन घरजग्गा व्यवस्थापन संघर्ष समिति' गठन गरी सुकुम्वासीहरू लामो समयदेखि आन्दोलनमा सक्रिय रहेका छन् । उक्त समितिको नेतृत्वमा उनीहरूले संघीय तथा प्रदेश सरकारसँग व्यवस्थित बसोबासको ग्यारेन्टी माग गर्दै आएका छन् । प्रदर्शनकारीहरूले सरकारले वैकल्पिक व्यवस्था नगरी जबरजस्ती घर भत्काएर आफूहरूलाई उठिबास बनाएको आरोप लगाएका छन् ।

यसप्रति असन्तुष्टि जनाउँदै उनीहरूले प्रधानमन्त्रीसँगै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

## *प्रशिक्षक क्षमता अभिवृद्धिमा..................*

व्यवस्थापन तथा समन्वय गरेका थिए । तालिम कार्यक्रममा एथलेटिक्स, भलिबल, कराटे, तेक्वान्दो, उसु तथा कबड्डी लगायत ६ प्रकारका खेलसम्बन्धी विशेष प्रशिक्षण प्रदान गरिएको थियो । प्रशिक्षार्थीहरूलाई खेल प्रशिक्षणका आधुनिक विधि, नेतृत्व विकास, अनुशासन, खेलाडी व्यवस्थापन तथा प्रतिस्पर्धात्मक खेलकुद सम्बन्धी व्यवहारिक ज्ञान दिइएको परिषद्ले जनाएको छ । कार्यक्रमको समापन अवसरमा कुल ११० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा वक्ताहरूले मधेस प्रदेशमा खेलकुदको विकास, दक्ष प्रशिक्षक उत्पादन तथा ग्रामीण तहसम्म खेल गतिविधि विस्तार गर्न यस्ता तालिमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । प्रमुख अतिथि शिवजी प्रसाद कानु ले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मधेस प्रदेशको बलियो उपस्थिति सुनिश्चित गर्न यस्ता क्षमता अभिवृद्धि कार्यक्रमहरू कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरे ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: आम्दानी हुने
मिथून: पिछडेको साथी मिल्न
कर्कट: खानपानमा समस्या आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# चीनको उच्च-गति रेलको गौरव पछाडि लुकेका लागत र अँध्यारो वास्तविकता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ बैशाख**



दर्शकहरूले चीनमा उच्च-गतिको रेल टिकट खरिद गर्ने अनुभवलाई गहिरो निराशाजनक रूपमा वर्णन गरेका छन् । धेरैले रिपोर्ट गरे कि मोबाइल एपहरूले प्रायः केही प्रथम श्रेणीका सिटहरू मात्र बाँकी रहेको देखाउँछन्, वा कहिलेकाहीँ डरलाग्दो "बिक्री भएको" सन्देश देखाउँछन् ।

जब यात्रुहरू प्लेटफर्ममा आइपुग्छन्, तिनीहरूले कहिलेकाहीँ खाली रेलहरू भेट्टाए। रिपोर्टहरूले सङ्केत गरे कि चोङकिङ जस्ता प्रमुख सहरहरूमा जाने रेलहरू, जुन सामान्यतया यात्रुहरू र सामानहरूले भरिएका हुन्छन्, लगभग खाली दौडिरहेका थिए। अनलाइन प्रसारित भिडियोहरूले कोही पनि नदेखिने रेलहरू देखाएको थियो; रेकर्डिङहरूलाई सम्पादित नगरिएको र वास्तविक रूपमा वर्णन गरिएको थियो। दर्शकहरूले भने कि यी ठूला स्टीलका रेलहरू भित्रको मौनता यति गहिरो थियो कि उनीहरूलाई प्रेतवाधित ठाउँमा एक्लै भएको महसुस भयो । टिप्पणीकारहरूले दृश्यलाई डिस्टोपियन विज्ञान कथा फिल्मसँग तुलना गरे । पहिले सामूहिक बसाइसराइ र हलचल स्टेशनहरूको प्रतीक भएको कुरा अब सुनसान सहरहरू र भूतिया रेलवे हबहरूमा परिणत भएको छ ।

विश्लेषकले यो मिथक नभएर २०२६ मा चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र बन्ने वास्तविकता भएको बताए । उनले कारण सरल र स्पष्ट दुवै भएको बताए: उच्च गतिको रेल टिकटको मूल्य माग अनुसार उतारचढाव भयो र अचानक मूल्य वृद्धि सामान्य थियो । एउटा टिकटको मूल्य २,४०० युआनसम्म पर्न सक्छ, जबकि धेरै मानिसहरूले ८०० युआन पनि किन्न सक्दैनन्। लगभग ९० करोड नागरिकहरू प्रति महिना २,००० युआन भन्दा कममा बाँचिरहेका छन्, ८०० युआन खर्च गर्नुको अर्थ उनीहरूले आफ्नो मासिक बजेटको आधा खाना, भाडा र अन्य आवश्यकताहरूमा खर्च गर्नेछन्। यो ठूलो जनसङ्ख्याको लागि, विलासी यात्रा पहुँचभन्दा बाहिर थियो। उच्च गतिको रेल प्रणाली, जुन पहिले राष्ट्रिय उपलब्धि मानिन्थ्यो, प्रभावकारी रूपमा तिनीहरूलाई बहिष्कृत गरेको थियो ।

यस कारणले गर्दा, लाखौँ मानिसहरू पुरानो "हरियो रेलहरू" तिर लागे, जुन १९९० को दशकको अवशेष थियो जुन तिनीहरूको किफायतीताको कारण अझै पनि सञ्चालनमा थियो ।

# कफी उत्पादन बढाउन नीतिगत सुधार आवश्यक : पोखेल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ बैशाख**



नेपाल कफी व्यवसायी महासंघका महासचिव सन्तोष पोखेलले नेपालमा कफी उत्पादन र बजारको मागबीच ठूलो खाडल रहेको बताएका छन् ।

बिहीबार एसोसिएसन अफ एग्रीकल्चर टेक्नोलोजी इन्डस्ट्री नेपाल (आटि नेपाल)ले आयोजना गरेको 'कृषि उद्योग उत्पादन राष्ट्रिय नीति संवाद २०८३' मा बोल्दै उनले नेपालको कफी उच्च गुणस्तरीय भए पनि उत्पादन अत्यन्तै न्यून रहेको उल्लेख गरे । उनका अनुसार देशभित्र आवश्यक कफिको करिब पाँच गुणा कम मात्र उत्पादन हुने गरेको छ भने बाँकी माग आयातमार्फत पूरा गर्नुपर्ने अवस्था छ । 'नेपालको कफिको लामो इतिहास नभए पनि नेपालको कफीको गुणस्तरले विश्व बजारमा माग र चाप पनि बढ्दो छ । राष्ट्रिय बजारमा जति कफी चाइन्छ हाम्री पाँच गुणा कम मात्र उत्पादन गर्छौं । पाँच गुणा भन्दा बढी आयात गरेर खान्छौं', उनले भने । पोखेलले हाल सरकारले गुल्मीलाई कफीको पकेट क्षेत्र घोषणा गरेको र देशका ४४ जिल्लामा कफी खेती विस्तार भएको जानकारी दिए । तीमध्ये १७-१८ जिल्लामा मात्र व्यवसायिक कफी खेती भइरहेको उनले बताए । उनले नीतिगत सुधार, लगानी वृद्धि, भूमि ऐन, वन ऐन, सिँचाइ, बीउ, औजार र मलजस्ता आधारभूत संरचनामा राज्यको ध्यान केन्द्रित भए कफि उत्पादन उल्लेख्य रूपमा बढ्न सक्ने बताए । उनका अनुसार कम्तीमा १५ हजार मेट्रिक टन कफी उत्पादन गर्न सके अन्तर्राष्ट्रिय बजारमा ठूलो अवसर सिर्जना हुनेछ । उनले भने, 'नेपालले आधिकारीक रुपमा गुल्मीलाई कफीको पकेट क्षेत्रको रुपमा घोषणा गरेको छ । हाल देशको ४४ ओटा जिल्लामा कफि क्षेत्रले प्रवेश पाएको छ भने १७/१८ जिल्लामा व्यवसायिक कफी खेती हुन्छ ।

# प्रशासनिक जटिलता हटाउन अध्यादेश : अशिम शाह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ बैशाख**



प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार अशिम शाहले सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलताहरू हटाउन महत्त्वपूर्ण कदम चालेको दाबी गरेका छन् ।

सामाजिक सञ्जालमा उनले लेखेका छन, 'सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलताहरू हटाउन महत्त्वपूर्ण कदम चालेको छ । २०८३ वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेललाई अध्यादेशहरू प्रमाणीकरण गर्नु पठाएको हो ।' उनले सरकारले ल्याएको अध्यादेशको बचाउ गर्दै कुनै स्वार्थका लागि नभई नागरिकको हितका लागि भएको बताए ।

उनले सार्वजनिक सरोकारका निर्णयहरू निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन यो अध्यादेश ल्याइएको बताए । उनले लेखेका छन्, 'सार्वजनिक सरोकारका निर्णयहरू निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन यो अध्यादेश ल्याइएको हो । पुराना र जटिल कानुनी प्रावधानका कारण जनहितका कार्यमा हुने विलम्बलाई यसले अन्त्य गर्नेछ । विगतमा दशकौँसम्म अल्झिएका प्रक्रियागत समस्याहरूलाई पहिचान गरी तिनको दिगो र वैज्ञानिक समाधान निकाल्ने सरकारको लक्ष्य रहेको छ ।

# सलमान खानको फिल्ममा राजपाल यादवको इन्ट्री

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ बैशाख**



विनोद पौडेल निर्मित फिल्म 'रोल नं १' को टिजर सार्वजनिक गरिएको छ । बिहीबार सार्वजनिक टिजरमा मौसमजस्तै छिनमै खोसिने आम मान्छेको सपना र भरोसाको कथा देखाइएको छ । पढ्नका लागि छात्रवृत्तिकै भर पर्नुपर्ने बाध्यता र त्यो छिनिँदाको दुःखलाई ट्रेलरले मार्मिक ढङ्गले समेटेको छ ।

समाजमा इज्जतका लागि पनि पढाइमा अब्बल हुनैपर्ने बाध्यताको कसीभित्र रहेको समाज कसरी सरकारी छात्रवृत्तिबाट वञ्चित भइरहेको छ भन्ने यथार्थ टिजरमा छ । छात्रवृत्ति पाउन कक्षामा प्रथम हुनैपर्ने सरकारी नियमले कसरी आम गरिब समुदाय पढाइबाट वञ्चित भइरहेको छ भन्ने तीतो सत्यलाई टिजरले दर्साएको छ । टिजर अनुसार फिल्म गरिब नेपालीको कथा भएको अनुमान गर्न सकिन्छ । 'पूर्ण बहादुरको सारङ्गी' फेम्ड निर्माता पौडेलको फिल्म 'रोल नं १'ले अहिलेको शैक्षिक प्रणालीले बाल मनोविज्ञानमा पार्ने नकारात्मक प्रभाव र त्यसले उसको समग्र जिन्दगीमा पार्ने असरको कथा भन्छ । 'रोल नं १' जेठ १५ गते (गणतन्त्र दिवस)बाट प्रदर्शनको तयारीमा छ । जोन योञ्जनको निर्देशन रहेको फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारीलगायतको मुख्य भूमिका छ । फिल्ममा बाल-कलाकारमा निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ रहेका छन् ।

विनोद पौडेल र जान्वी पौडेल निर्माता रहेको फिल्मको सह-निर्मातामा छत्रमाया गिरी र रमेश चौलागाई हुन् । हिमाली जिल्ला म्याग्दीका विभिन्न रमणीय तथा ग्रामीण भेगहरूमा छायाङ्कन गरिएको फिल्ममा प्रशान्त शिवाकोटीको सङ्गीत, मदन घिमिरेको सम्पादन छ ।

# भानुआतुविरुद्ध कविता कुँवरको शानदार बलिङ, ह्रुयाट्रिक सहित ६ विकेट लिइन्

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ बैशाख**



आईसीसी वुमेन्स च्यालेन्ज ट्रफीअन्तर्गत भानुआतुसँगको खेलमा नेपाली बलर कविता कुँवरले शानदार बलिङ प्रदर्शन गरेकी छन् । कविताले ३.४ ओभरमा ५ रन मात्र दिएर ६ विकेट लिएकी हुन् । यस क्रममा उनले ह्रुयाट्रिक समेत लिइन् । यो उनको करियरकै उत्कृष्ट बलिङ हो । नेपालका लागि भने दोस्रो उत्कृष्ट बलिङ हो ।

नेपाली महिला क्रिकेट टोलीका लागि अन्जली चन्दले माल्दिभ्सविरुद्ध सन् २०१९ को खेलमा २.१ ओभरमा कुनै पनि रन नदिई ६ विकेट लिएकी थिइन् । त्यसपछि कविताको आजको बलिङ फिगर रहनेछ । यस्तै कविता ह्रुयाट्रिक लिने चौथो नेपाली खेलाडी हुन् । यसअघि रुबिना क्षेत्री, अन्जली चन्द र सीता रानामगरले ह्याट्रिक लिएका छन् । कविताकै शानदार बलिङमा नेपालले भानुआतुलाई ४९ रनमा अलआउट गर्दै ८३ रनको जित हासिल गरेको छ । नेपालले १३३ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

कविताको ६ विकेटसँगै पूजा महतो र रचना चौधरीले २-२ विकेट लिए । प्लेयर अफ द म्याच कविता नै भइन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा ३ विकेट गुमाएर १३२ रन बनाएको थियो ।

# सशस्त्र प्रहरी बल नं. ९ गण महोत्तरीको १९ औँ स्थापना दिवस भव्य रूपमा सम्पन्न

**मो.इर्शाद**
**महोत्तरी, १७ बैशाख**




सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण हे.क्वा. महोत्तरीले आफ्नो स्थापनाको १९ औँ वर्षगाँठ एक विशेष समारोहका बीच भव्यताका साथ मनाएको छ । मटिहानी नगरपालिका-९, जलसागरस्थित गणको मुख्यालयमा आयोजित उक्त रुसमारोहका प्रमुख अतिथि सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक एवं सहायक बाहिनीपति अशोक कुमार बमले दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि बमले राष्ट्रको अखण्डता र नागरिकको सुरक्षामा सशस्त्र प्रहरीले पुऱ्याएको योगदानको चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, "सीमा सुरक्षा, आन्तरिक शान्ति सुव्यवस्था र विपद् व्यवस्थापनमा सशस्त्र प्रहरी बलले खेल्दै आएको भूमिका सराहनीय छ । सीमित स्रोत र साधनका बाबजुद जवानहरूले देखाएको उच्च मनोबल र कर्तव्यपरायणताले नै सङ्गठनको गरिमा बढेको हो । स्थापना दिवसको अवसरमा आयोजित समारोहमा सशस्त्र प्रहरीका जवानहरूले राष्ट्रिय भावनाले ओतप्रोत विभिन्न सांस्कृतिक नृत्य तथा झाँकीहरू प्रस्तुत गरेका थिए । सोही अवसरमा वर्षभरि उत्कृष्ट कार्य गर्ने गणका अधिकृत तथा जवानहरूलाई उनीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै पुरस्कृत गरिएको थियो । महोत्तरी जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका उच्च अधिकारीहरू र स्थानीय सञ्चारकर्मीहरूको सहभागिताले कार्यक्रमको रौनकता थपेको थियो । १९ वर्षअघि स्थापना भएको यस गणले महोत्तरीको सीमावर्ती क्षेत्रमा हुने चोरी-पैठारी नियन्त्रण, सीमा स्तम्भहरूको संरक्षण र लागूऔषध ओसारपसार रोकथाममा सक्रिय भूमिका खेल्दै आएको छ । समारोहको समापनमा गणका गणपति, सशस्त्र प्रहरी उपरीक्षक शेर बहादुर अधिकारीले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले आगामी दिनमा 'पेसागत व्यावसायिकता' र 'जनमैत्री सुरक्षा सेवा'लाई अझ प्रभावकारी र सुदृढ बनाउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

# प्रविधिमैत्री सुरक्षा-सुशासन




-सरकारले प्रहरीलाई डिजिटल्ली सक्षम र योग्य बनाउँदै आवश्यक साधनस्रोत जुटाउनुपर्छ । नागरिकलाई सुरक्षामा डिजिटल सुशासन दिन उल्लेख्य बजेट विनियोजन गरी आगामी आर्थिक वर्षलाई 'प्रहरी सेवामा डिजिटल वर्ष २०८३' घोषणा गर्नुपर्छ ।

समाज र राष्ट्रको समृद्धिका लागि शान्ति, सुरक्षा र नागरिकमा यसको अनुभूति अपरिहार्य छ । नेपाल प्रहरीले प्रविधिमैत्री सेवा विस्तार गर्न थाले पनि अझै सेवा एकीकृत, पारदर्शी र स्थायी बनाउन आवश्यक छ। डिजिटल प्रविधि, साइबर सुरक्षा, अनलाइन सेवा र एआईको प्रयोगमार्फत प्रहरी सेवा चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउन जोड दिनुपर्ने देखिन्छ । जबसम्म समाज र राष्ट्रमा शान्ति-अमनचयन हुँदैन, तबसम्म व्यक्ति, समाज, संस्कृति र राष्ट्रले उन्नति-समृद्धिको मार्ग पहिल्याउन सक्दैन । अतः सुरक्षा र यसको नागरिक अनुभूति आजको मूल आवश्यकता हो । सुरक्षामा सुशासन भनेको बिनाभेदभाव, इमानदारिता, व्यावसायिकताको कसीमा रहेर चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही तवरले आम नागरिकमा सुरक्षा सेवा सम्प्रेषण हुने प्रक्रिया अनि वातावरण हो । अब सुशासनका प्रक्रिया परम्परागतबाट आधुनिक बन्दै गएका छन् । प्रविधिको तीव्र विकाससँगै शासन सञ्चालनका हरेक नसामा प्रविधि छाउन थालेको छ । अहिले धेरै देशले डिजिटल प्रहरी सेवा विकास गरेका छन्, जसले एआई जडित अपराध रिपोर्टिङदेखि भर्चुअल प्रमाण पेस गर्नेसम्मका सुविधा प्रदान गर्छन् । नेपालको सन्दर्भमा प्रहरीले विगतदेखि नै प्रविधिमैत्री सेवा दिने हुटहुटीस्वरूप अपराध अनुसन्धान नियन्त्रण तथा नागरिकलाई दिने सुरक्षा सेवामा केही प्रविधिगत उपाय सुरु गरेको छ। प्रहरी रिपोर्ट, चारित्रिक प्रमाणपत्र, ट्राफिक जरिवाना, कर्मचारीको अभिलेख, दैनिक घटना अभिलेख, अपराध अनुसन्धान आदि विषयमा प्रविधि अनुसरण सुरु भएका छन् । तर, नेपालैभरि विस्तार गर्ने तथा विशेषगरी प्रत्यक्ष रूपमा नागरिकलाई प्रदान गरिने सेवा एकीकृत र स्थायित्व हुने गरी प्रविधिमैत्री बनाउन सकिएको छैन । प्रविधिले प्रणालीलाई आत्मसात् गर्छ । दलाली, सोर्सफोर्स, नातावाद, कृपावाद, बेथिति र भ्रष्टाचार निर्मूल गरी नेपाल प्रहरीको सेवालाई अब यस्ता विकृतिबाट मुक्त गरेर बढीभन्दा बढी प्रविधिमैत्री बनाउँदै सुरक्षा-सुशासनतर्फ अग्रसर बनाउनु अत्यावश्यक छ ।

नागरिकलाई समस्या पर्नासाथ तिनले पहिले सम्झिने प्रहरी नै हो । र, उनीहरूले प्रहरीबाट चुस्त सेवा चाहन्छन् । त्यसका लागि उजुरी, निवेदन र खबर गर्न प्रहरी कार्यालय नधाई डिजिटल माध्यमबाटै व्यवस्था गर्नु आवश्यक छ। सार्वजनिक स्थानमा उजुरी क्यूआर वा नागरिकका मोबाइलमा उजुरी एप राखेर नागरिकलाई सहजता दिन सकिन्छ । प्रहरीमा उजुरी दिएपछि उजुरी सम्बन्धमा के भयो ? कहाँ पुग्यो ? प्रमाण फेला पर्‍यो वा परेन ? मान्छे पक्राउ भयो वा भएन ? वकिल कार्यालय पुग्यो वा पुगेन ? त्यो अदालत पुग्यो वा पुगेन ? यस्ता विषयमा पीडितले जानकारी पाउन बारम्बार प्रहरी कार्यालय धाउनुपर्ने, बिचौलिया अनि दलालको सहारा खोज्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ ।

कुनै आपराधिक घटना घटेपछि घटनास्थलबाट उठाइएका र चेकजाँच गर्न ल्याबमा पठाइएका प्रमाण एवं वस्तुको रिपोर्ट कहिले आउँछ ? वकिल वा अदालतमा पेस भयो कि भएन ? जस्ता विषयमा पीडितले सरोकार राख्ने अनि सोध्न/बुझ्न प्रहरी कार्यालय धाउँदा पीडित झन् धेरै पीडामा परेको देखिन्छ । यो विषयलाई पनि डिजिटल माध्यमबाट जानकारी दिने व्यवस्था गर्न सकिन्छ ।

अहिले धेरै देशले डिजिटल प्रहरी सेवा विकास गरेका छन्, जसले एआई जडित अपराध रिपोर्टिङदेखि भर्चुअल प्रमाण पेस गर्नेसम्मका सुविधा प्रदान गर्छन् । नेपालको सन्दर्भमा प्रहरीले विगतदेखि नै प्रविधिमैत्री सेवा दिने हुटहुटीस्वरूप अपराध अनुसन्धान नियन्त्रण तथा नागरिकलाई दिने सुरक्षा सेवामा केही प्रविधिगत उपाय सुरु गरेको छ ।प्रहरी चौकी, इलाका, जिल्ला, प्रदेश एवं केन्द्रअन्तर्गत भइरहेका प्रशासनिक एवं अपराध अनुसन्धान र शान्तिसुरक्षासँग सम्बन्धित गतिविधिलाई छिटोछरितो जानकारी लिन अनि विश्लेषण गर्न हाल कार्यालयमा रहेका कम्प्युटराइज्ड डाटामा च्याटजीपीटी जस्ता एआई टुल्स राखेर सम्बन्धित कार्यालय प्रमुखले काम प्रभावकारी बनाउन सक्छन् । प्रहरी संगठनभित्रका सरुवा-बढुवाका काम पारदर्शी, जवाफदेही र प्रणालीबद्ध बनाउन निश्चित मापदण्ड अपनाएर डिजिटल प्लेटफर्ममार्फत अटोमेसनमा लैजानुपर्छ । यसो गरे सरुवा-बढुवामा हालसम्म भोग्नुपरिरहेको विभेद र अन्याय स्वतः कम गर्न सकिन्छ। प्रत्येक प्रहरी कर्मचारीले आ-आफ्नो जिम्मेवारीमा गरेका प्रत्येक कामकारबाहीलाई डिजिटल अभिलेखमा राखी प्रत्येक महिना कामको मूल्यांकनमार्फत नम्बर दिने व्यवस्था गर्नुपर्छ । यसो गरे बढुवा प्रक्रियालाई वस्तुनिष्ठ र न्यायिक बनाउन सकिन्छ ।

प्रहरी कार्यालयमा प्रविधिजन्य साधनस्रोत जुटाई सबै कामकाजलाई पेपरलेस बनाउन सके हाल कार्यरत जनशक्तिको एक तिहाइ संख्या फिल्डमै नागरिकको सुरक्षामा खटाउन सकिन्छ। प्रहरीका हरेक कार्यालय तथा अन्तरकार्यालय बैठक सञ्चालन गर्दा जुम प्रविधि अपनाउन सके कार्यालयको कामकाजको गोपनीयता, सञ्चार तथा बैठक निर्णय अभिलेख सहज भई प्रहरी परिचालन र सेवा अझ सरल बनाउन सकिन्छ । अहिले साइबर सुरक्षाको संवेदनशीलता बढिरहेको छ। बेलाबेलामा प्रहरीका प्रोसेड्युर, डाटा ह्याक भएको खबर आउने गर्छन् । यस्तोमा नहोस् भन्न डेटा सुरक्षाका लागि उपयुक्त र प्रभावकारी साइबर सुरक्षा प्रविधि अपनाउनु आवश्यक छ । अत्याधुनिक टुल्स र तालिम सञ्चालन गर्नुपर्छ। नेपाल प्रहरीको सूचना प्रविधि, संरचना, डेटा सुरक्षा तथा राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष सम्बन्धित संवेदनशील प्रणालीको सुरक्षा सुदृढ गर्न सेक्युरिटी अपरेसन सेन्टर स्थापना गरी क्रियाशील बनाउन सकिन्छ । साइबर अपराध र सामाजिक सञ्जाल दुरुपयोगका घटनाले समाजमा शान्तिसुरक्षाको नयाँ चुनौती खडा गरेको छ। वर्तमान परिवेशमा यो चुनौतीसँग जुध्न हाल केन्द्रमा साइबर ब्युरो क्रियाशील छ । तर, साइबरसँग सम्बन्धित गुनासो र उजुरी पछिल्ला वर्षमा अत्यधिक बढेको छ । त्यसैले प्रत्येक जिल्लामा साइबर डेस्क सुरु त गरिएको छ तर यसलाई थप सक्षम र योग्य बनाउनु आवश्यक छ ।

प्रहरी कार्यालयबाट नागरिकका लागि प्रदान हुने सेवा लिन घण्टौं हिँडेर धाउनुपर्ने, कुर्नुपर्ने, आर्थिक बोझ खेप्नुपर्ने, दलाल-बिचौलिया गुहार्नुपर्ने विद्यमान अवस्थाबाट नागरिकलाई मुक्त गरी प्रहरीले दिने सेवा, सिफारिस पत्र, उजुरी, प्रमाणित कागज दिने प्रक्रिया अनलाइन मार्फत गरे नागरिकलाई धेरै सहज अनुभूति दिलाउन सकिनेछ । यसबाहेक प्रहरी क्लियरेन्स तथा भेरिफिकेसन सेवा, अपोइन्टमेन्ट बुकिङ सिस्टम, नागरिक गुनासो र फिड ब्याक प्रणाली, ट्राफिक सर्भिस एन्ड फाइन म्यानेजमेन्ट सिस्टम, लस्ट एन्ड फाउन्ड रिपोर्टिङ पोर्टल, जाहेरी दरखास्त दर्ता प्रणाली, हराएका र फेला पारेको जानकारी प्रणाली अनलाइनमार्फत गर्ने व्यवस्था सुरु गर्न सके नागरिकलाई सुशासनको थप अनुभूति दिन सकिन्छ ।

केन्द्रमा मात्रै सीमित प्रहरीको डिजिटल फरेन्सिक ल्याबलाई प्रदेशस्तरमा विस्तार गर्नुपर्छ । यसो भए अपराध अनुसन्धानको प्रक्रियामा तत्कालै ल्याब रिपोर्ट प्राप्त भई अपराध अनुसन्धान र अभियोजन बलियो हुन्छ ।


र, पीडितले छिटोछरितो र सही न्याय पाउन सक्छ । यसबाहेक प्रहरीले अपराध नियन्त्रण, रोकथाम एवं शान्ति सुरक्षा र अपराध अनुसन्धानका कार्य गर्दा तत्कालै अन्य निकायका डेटामा पनि पहुँच पुर्‍याउनुपर्ने हुन्छ। अध्यागमन, यातायात, वन, राजस्व, तथ्यांक विभाग, टेलिकम आदिसँग प्रत्यक्ष सरोकार राख्ने डेटामा अनुसन्धान अधिकारीको तत्काल डिजिटल पहुँच पुर्‍याउने व्यवस्था भए अपराध अनुसन्धान र नियन्त्रण कार्य थप छिटो र प्रभावकारी हुन्छ । मुख्य सहर, बजार, चोक, राजमार्गमा सिसिक्यामेरा विस्तार गर्ने, सबै जिल्लाका मुख्य बजारका चोकमा ट्राफिक लाइटरु जडान गर्ने कार्यलाई पनि तीव्रता दिन आवश्यक छ। यसो गरे अपराध रोकथाम, नियन्त्रण तथा ट्राफिक नियम पालना प्रविधिमार्फत हुन्छ । र, नागरिकहरूमा सुशासनको अनुभूति दिलाउन सकिन्छ । सीमाका मुख्य र सहायक नाकामा सीमा अपराध, तस्करी, लागूऔषध समेतका अपराध नियन्त्रण गर्न ठूलो संख्यामा सशस्त्र र नेपाल प्रहरी परिचालित छ ।

प्रहरी कर्मचारीबाट म्यानुअल चेकजाँच प्रभावकारी नहुनुका साथै बेलाबेला विवाद पनि हुने गरेको छ । यस्तो पृष्ठभूमिमा नेपालका अन्तर्राष्ट्रिय सीमानाकामा सिसिक्यामेरा, एआई जडित डिजिटल गेट तथा एक्सरे मेसिन स्टल विस्तार गरे सीमा वरपर हुने चिजवस्तु र व्यक्तिको रेकर्ड हुन्छ । र, आपराधिक गतिविधि अनुसन्धान-नियन्त्रण सहज हुनेछ । सरकारले प्रहरीलाई डिजिटल्ली सक्षम र योग्य बनाउँदै आवश्यक साधनस्रोत जुटाउनुपर्छ । नागरिकलाई सुरक्षामा डिजिटल सुशासन दिन उल्लेख्य बजेट विनियोजन गरी आगामी आर्थिक वर्षलाई 'प्रहरी सेवामा डिजिटल वर्ष २०८३' घोषणा गर्नुपर्छ ।

**सांभार : कान्तिपुर ।**

## सच्याईएको

जलेश्वर टुडे दैनिकको विहिवारको पत्रिकामा अंक १८९ मिति २०८३ बैशाख १७ विहिवार तथा 30 May 2026 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको छ ।




"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday